25 **April 2025**

मुख्य समाचार

**Under Play**

- गृहमन्त्रीले गर्नुभयो सिन्धु जल सन्धिमाथि बैठक
- राज्यहरूमा रहेका पाकिस्तानी नागरिकहरूलाई चिन्हित गरी फिर्ता गर्न गृहमन्त्रीको आग्रह
- सेना प्रमुख जनरल द्विवेदीले जम्मू कश्मीरमा सुरक्षा स्थितिको समीक्षा गर्नुभयो
- पहलगाम आतङ्की आक्रमणको विश्व नेताहरूद्वारा निन्दा गर्नेक्रम जारी
- भारत बलियो अर्थतन्त्र, पूर्वाधार र वैश्विक प्रतिष्ठाका साथ अगाडि बढिरहेको उपराष्ट्रपतिले बताउनुभयो
- प्रसिद्ध वैज्ञानिक तथा इसरोका पूर्व अध्यक्ष डा. के. कस्तुरीरंगनको निधन, अनि
- आइपीएल क्रिकेटमा अहिले चेन्नई र हैदराबादको भिडन्त हुँदै

अमित शाह - सिन्धु नदी

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आफ्नो नयाँ दिल्लीस्थित निवासमा १९६० -मा पाकिस्तानसँग भएको सिन्धु जल सन्धिमाथि आज समीक्षात्मक बैठक गर्नुभयो। पहलगाम आतंकवादी आक्रमणपछि भारतले सिन्धु जल सन्धि स्थगित गरेको छ । बैठकमा विदेशमन्त्री डा. एस जयशंकर, केन्द्रीय जलशक्तिमन्त्री श्री सीआर पाटिल अनि वरिष्ठ सरकारी अधिकारीहरूले भाग लिनुभयो।

गृहमन्त्री - पाकिस्तानी नागरिक

पहलगाम आतंकवादी आक्रमणपछि भारतले पाकिस्तानी नागरिकहरूलाई जारी गरिएको भिसा रद्द गरेको एक दिन पछि, केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आज सबै मुख्यमन्त्रीहरूसँग कुरा गर्नुभएको छ। उहाँले मुख्यमन्त्रीहरूलाई आफ्ना राज्यमा रहेका सबै पाकिस्तानी नागरिकहरूको पहिचान गर्न आग्रह गर्नुभएको छ। श्री शाहले मुख्यमन्त्रीहरूलाई उनीहरूलाई पाकिस्तान फर्काउन कदम चाल्न पनि आग्रह गर्नुभयो।

सेना प्रमुख जम्मू कश्मीर

जम्मू कश्मीरका उपराज्यपाल श्री मनोज सिन्हाले आज श्रीनगर राजभवनमा सेना प्रमुख जनरल उपेन्द्र द्विवेदीसँग सुरक्षा समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा उत्तरी कमाण्डका अन्य सैन्य अधिकारीहरूको पनि उपस्थिति रहेको थियो।
यसअघि सेना प्रमुख जनरल उपेन्द्र द्विवेदी आज बिहान श्रीनगर पुग्नुभएको थियो।

श्रीनगर स्थित 15 औं कोरका जनरल अफिसर कमान्डिङले उहाँलाई सुरक्षा अवस्था र आतंकवादीहरू विरुद्ध भइरहेको कारबाही र नियन्त्रण रेखामा पाकिस्तानी सेनाले गरेको युद्धविराम उल्लङ्घनको बारेमा जानकारी दिनु भयो। यसैबीच, सेना प्रमुख मङ्गलबारको पहलगाम आतंककारी आक्रमणपछिको अवस्थाको जानकारी लिन पहलगाम पुग्नुभएको थियो।

जम्मू कश्मीर: राहुल गान्धीको भ्रमण

लोकसभामा विपक्षी नेता एवम् कंग्रेसका वरिष्ठ नेता श्री राहुल गान्धीले पहलगाम आतंकवादी आक्रमण पछि पाकिस्तान विरुद्ध केन्द्र सरकारले घोषणा गरेका पहलप्रति पार्टीको समर्थन दोहोर्‍याउनु भएको छ। २२ अप्रेलमा भएको आतंकवादी आक्रमणमा २६ जनाको मृत्यु भएको थियो ।

आज श्रीनगरमा, श्री गान्धीले जम्मू र कश्मीरका उपराज्यपाल श्री मनोज सिन्हा र मुख्यमन्त्री श्री उमर अब्दुल्लालाई भेट्नुभयो र आतंकवादी पूर्वाधारलाई ध्वस्त पार्न सरकारलाई सबै सम्भव भए जति सहयोग गर्ने आश्वासन दिनु भयो। उहाँले पहलगाम आक्रमणमा घाइते भएकाहरुलाई भेटेर उनीहरुको स्वास्थ्य अवस्थाबारे जानकारी पनि लिनुभयो।

विश्वनेता पहलगाम निन्दा

जम्मू कश्मीरको पहलगाममा मंगलबार भएको आतंकवादी आक्रमणको विश्वभरि निन्दा भइरहेको छ।

बृटेनका प्रधानमन्त्री श्री केयर स्टारमर अनि नेदरल्याण्ड्सका प्रधानमन्त्री श्री डिक सुफले प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग टेलिफोन वार्तामा पहलगाम आतंकवादी आक्रमणको कडा शब्दमा निन्दा गर्नुभएको छ। बृटेनका प्रधानमन्त्रीले यस जघन्य आतंककारी आक्रमणमा मारिएका निर्दोष मानिसप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ। उहाँले बर्बर आतंकवादी आक्रमणको कडा निन्दा गर्दै यस दुखद घडीमा बृटेन भारतको साथमा रहेको बताउनु भयो। नेदरल्याण्डका प्रधानमन्त्रीले यस कायरतापूर्ण कार्यको निन्दा गर्दै शोक व्यक्त गर्नुभएको छ। ऐक्यबद्धताका लागि धन्यवाद दिँदै प्रधानमन्त्री श्री मोदीले भन्नुभयो, भारत आतंकवाद विरुद्धको विश्वव्यापी लडाइलाई बलियो बनाउन नेदरल्यान्ड्ससँग मिलेर काम गर्न तत्पर छ।
सोही प्रकारले फ्रान्सका राष्ट्रपति श्री इमानुएल म्याक्रोनले फ्रान्स भारत र त्यहाँका जनताको साथमा रहेको बताउनु भएको छ। फ्रान्सले आतंकवाद विरुद्धको लडाइँलाई निरन्तरता दिने उहाँले बताउनु भयो।
सोहीप्रकारले बृटेनका सांसद श्री बब ब्ल्याकम्यानले पहलगाम आक्रमणक ो कडा शब्दमा निन्दा गर्नुभएको छ।

तमिलनाडु-उपराष्ट्रपति

उपराष्ट्रपति श्री जगदीप धनखडले भारत बलियो अर्थतन्त्र, पूर्वाधार र वैश्विक प्रतिष्ठाका साथ तीव्र गतिमा अगाडि बढिरहेको बताउनु भएको छ। आज उपराष्ट्रपतिले तमिलनाडुमा उपकुलपतिहरूको दुई दिने सम्मेलनको उद्घाटन गर्नुभयो। सो अवसरमा श्री धनखडले विकसित राष्ट्र बन्नका लागि विज्ञान र अनुसन्धानको आवश्यकतामा जोड दिनुभयो । उपराष्ट्रपतिले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा भारत शक्तिशाली राष्ट्रको रूपमा खडा भइरहेको बताउनुभयो । गुणस्तरीय शिक्षा सरकारको पहिलो प्राथमिकता रहेको उहाँले बताउनु भयो ।

केन्द्र - सर्वोच्च न्यायालय - वक्फ

सर्वोच्च न्यायालयमा दायर गरिएको हलफनामामा केन्द्र सरकारले भनेको छ, वक्फ ऐन, 1995 को दुरुपयोग रोक्ने उद्देश्यले वक्फ कानुनमा संशोधन गरिएको छ, जसका कारण सरकारी सम्पत्तिहरू अतिक्रमण भइरहेका थिए। यसका साथै देशमा वक्फ बोर्डहरूको उचित प्रशासन र व्यवस्थापन साथै तिनीहरूले पारदर्शिताका साथ काम गर्न सकुन् भन्ने सुनिश्चित गर्न पनि आवश्यक थियो। अल्पसंख्यक मामिला मन्त्रालयले सर्वोच्चमा यो हलफनामा दायर गरेर सरकारको पक्ष राखे गरेको हो।

मुख्य न्यायाधीश सञ्जीव खन्नाको अध्यक्षतामा रहेको पीठले मामिलाको आगामी सुनवाई पाँच मईमा तय गरेको छ। पीठले यदि आवश्यक भयो भने अन्तरिम आदेश पनि पारित गरिनेछ भनी स्पष्ट पनि गरेको छ ।

बन्दीपुरा भिडन्त

उत्तरी कश्मीरको बन्दीप ुरा जिल्लाको अजसको बाजीपोरा कुलनार क्षेत्रमा जारी आतंकवाद विरोधी अभियानमा आज एकजना आतंकवादी सहयोगी मारियो। उसको पहिचान लश्कर-ए-तैयबा संगठनको सदस्य अल्ताफ लालीको रूपमा गरिएको छ।

यसअघि घना जङ्गल क्षेत्रमा आतङ्ककारीहरू रहेको सूचना पाएपछि सुरक्षा बलले घेराबन्दी र खोजी अभियान सुरु गरेपछि आतङ्ककारी र सुरक्षा बलहरूबीच भिडन्त शुरुभएको थियो। अपरेशन जारी छ।

कस्तुरीरंगन निधन

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन इसरोका पूर्व अध्यक्ष एवम् भारतको राष्ट्रिय शिक्षा नीतिका प्रमुख वास्तुकार तथा प्रसिद्ध वैज्ञानिक डा. के. कस्तुरीरंगनको आज बिहान बेंगलुरुमा ८४ वर्षको उमेर निधन भयो।

डा. कस्तुरीरंगनले ध्रुवीय उपग्रह प्रक्षेपण यान **PSLV**को विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो। आइतबार बिहान १० बजीदेखि दिउँसो १२ बजेसम्म बेंगलोरमा प्रसिद्ध वैज्ञानिकलाई अन्तिम श्रद्धाञ्जली दिन सर्वसाधारणका लागि व्यवस्था गरिएको छ।

यसैबीच, राष्ट्रपति श्रीमती द्रौपदी मुर्मू, उपराष्ट्रपति श्री जगदीप धनकड अनि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले डा. कस्तुरीरंगनको निधनप्रति गहिरो शोक प्रकट गर्नुभएको छ। राष्ट्रपतिले भन्नुभएको छ, डा. कस्तूरीरंगनले देशको अन्तरिक्ष कार्यक्रमको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ।

श्री मोदीले आफ्नो शोक सन्देशमा भन्नुभएको छ, आफ्नो दूरदर्शी नेतृत्व र राष्ट्रका लागि नि:स्वार्थ योगदानका लागि उहाँको सदैव सम्झना गरिनेछ।

आईपीएल

आईपीएल क्रिकेटमा अहिले चेन्नईको एमए चिदम्बरम स्टेडियममा चेन्नई सुपर किंग्स र सनराइजर्स हैदराबादको खेल शुरु भएको छ। आठ म्याचमा केवल दुई म्याचमा मात्रै जित दर्ता गर्दै दुवै टीम अंक तालिकाको पुछारमा रहेका छन्।

यसअघि हिजो बेंगलुरुमा भएको खेलमा रोयल च्यालेन्जर्स बेङ्गलोरले राजस्थान रोयल्सलाई ११ रनले पराजित गरेको थियो। यो जितसँगै बेङ्गलोर ९ खेलमा १२ अंक जोडेर अंक तालिकाको तेस्रो स्थानमा उक्लिएको छ भने राजस्थान ९ खेलमा ४ अंक मात्र जोडेर आठौं स्थानमा रहेको छ ।

मुख्य समाचार फेरि एकपल्ट

**Under Play music**

- गृहमन्त्रीले गर्नुभयो सिन्धु जल सन्धिमाथि बैठक
- राज्यहरूमा रहेका पाकिस्तानी नागरिकहरूलाई चिन्हित गरी फिर्ता गर्न गृहमन्त्रीको आग्रह
- सेना प्रमुख जनरल द्विवेदीले जम्मू कश्मीरमा सुरक्षा स्थितिको समीक्षा गर्नुभयो
- पहलगाम आतङ्की आक्रमणको विश्व नेताहरूद्वारा निन्दा गर्नेक्रम जारी
- भारत बलियो अर्थतन्त्र, पूर्वाधार र वैश्विक प्रतिष्ठाका साथ अगाडि बढिरहेको उपराष्ट्रपतिले बताउनुभयो
- प्रसिद्ध वैज्ञानिक तथा इसरोका पूर्व अध्यक्ष डा. के. कस्तुरीरंगनको निधन, अनि
- आइपीएल क्रिकेटमा अहिले चेन्नई र हैदराबादको भिडन्त हुँदै